# जातिवाद-विरोधी नीति

प्रिय अभिभावक तथा हेरचाहकर्ताहरू,

शिक्षा विभाग सबै प्रकारका जातीय भेदभावहरूलाई अस्वीकार गर्दछ र यो NSW का सार्वजनिक विद्यालयहरूमा सबै प्रकारका जातीय भेदभावहरू निर्मूल गर्न प्रतिबद्ध छ। विभागको Anti-Racism Policy (जातिवाद-विरोधी नीति) को उद्देश्य कुनै पनि विद्यार्थी, कर्मचारी, अभिभावक, हेरचाहकर्ता वा समुदायका सदस्यले विद्यालयको वातावरणभित्र जातिवादको अनुभव नगरून् भन्ने निश्चित गर्नु हो।

सो नीतिले विद्यालय समुदायका सबै सदस्यहरूलाई अन्य व्यक्तिहरूको सांस्कृतिक, भाषिक र धार्मिक पृष्ठभूमिलाई सम्मान गरेर जातिवादको प्रतिरोध गर्न सहयोग गर्न र विद्यालयको वातावरणमा स्वीकार्यता र सद्भाव बढाउने ढंगले व्यवहार गर्न आग्रह गर्दछ।

प्रत्येक विद्यालयमा एकजना जातिवाद-विरोधी सम्पर्क अधिकृत (Anti-Racism Contact Officer (ARCO)) हुन्छन् जसलाई विद्यालयमा जातिवाद विरूद्धको प्रतिरोधमा मद्दत गर्न र विद्यालय समुदायलाई विद्यालयहरूमा जातिवादको विरूद्ध उजुरी हाल्ने कार्यमा सहयोग गर्न तालिम दिइएको छ। नीति र ARCO को भूमिकाबारे थप जानकारीको लागि Anti-Racism Policy - Information for parents and carers (जातिवाद-विरोधी नीति - अभिभावक तथा हेरचाहकर्ताहरूका लागि सूचना) हेर्नुहोस्।

सबै प्रकारका जातिवादहरूलाई अस्वीकार गर्ने सकारात्मक विद्यालय वातावरण कायम राख्न हामीलाई सहयोग गर्नुभएकोमा धन्यवाद। यदि तपाईं वा तपाईंको बच्चाले कुनै प्रकारको जातिवादको अनुभव गरेमा, हाम्रो विद्यालयमा कसैलाई जातिवादको सामना गरेको देख्नुभएमा, वा यदि तपाईंलाई थप जानकारी वा मद्दत चाहिएमा कृपया मलाई सम्पर्क गर्नुहोस्।

भवदीय,

प्रिन्सिपल

## दोभाषे सहायता

यदि तपाईंलाई थप जानकारी चाहिएको छ र तपाईंलाई स्कूल वा प्रिन्सिपलसँग सम्पर्क गर्न मद्दत गर्न दोभाषेको आवश्यकता छ भने कृपया टेलिफोन इन्टरप्रेटर सेवा लाई 131 450 मा फोन गर्नुहोस् र तपाईंको भाषाको दोभाषे माग्नुहोस्।

सो अपरेटरलाई विद्यालयको फोन नम्बर दिनुहोस् र अपरेटरले विद्यालयलाई फोन गर्ने छन् र तपाईंलाई कुराकानी गर्न मद्दत गर्न एक जना दोभाषेलाई त्यही फोन लाइनमा जोड्ने छन्।

दोभाषे सेवाको लागि तपाईंसँग कुनै शुल्क लिइने छैन।